(स्थानिय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ र दफा १०३ सँग सम्बन्धित)

बागमती नगरपालिका

# बागमती नगरपालिकाको राजपत्र

| खण्डः | संख्या | मितिः २०८१/०३/२८ |
|---|---|---|

भाग -१

बागमती नगरपालिका

## बागमति नगर खेलकुद विकास परीषद(सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१

<u>सभाबाट स्वीकृत मिति :२०८१/०३/२४</u>

<u>प्रमाणिकरण मितिः २०८१/०३/२४</u>

**प्रस्तावना :**

बागमति नगरपालिका क्षेत्र भित्र खेलकुदको माध्यमबाट स्वास्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, खेलकुदको माध्यमबाट एकता प्रवर्द्धन तथा नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा भएको अध्ययन र अनुसन्धान बमोजिम खेलकुद विकास, विस्तार र प्रवर्द्धन गरि खेलकुदको संचालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ र दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बागमति नगर सभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम "बागमति नगर खेलकुद विकास परीषद (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१" रहेको छ ।

   २) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

   १) "सभा" भन्नाले बागमति नगर सभालाई सम्झनु पर्छ ।

   २) "कार्यपालिका" भन्नाले बागमति नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

   ३) "प्रमुख" भन्नाले बागमति नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

   ४) "उपप्रमुख" भन्नाले बागमति नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

   ५) "वडाध्यक्ष" भन्नाले बागमति नगरपालिकाका वडाध्यक्षलाई सम्झनुपर्छ ।

६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागमति नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

७) "परीषद" भन्नाले दफा ३ वमोजिम गठित बागमति नगर खेलकुद विकास परीषद लाई सम्झनु पर्छ ।

८) "कार्यालय" भन्नाले बागमति नगर खेलकुद विकास परीषदको कार्यालय सम्झनु पर्दछ ।

९) "सञ्चालक समिति" भन्नाले दफा ४ वमोजिम गठित बागमति नगर खेलकुद विकास परीषद सञ्चालक समिति सम्झनु पर्दछ ।

१०) "पदपुर्ति समिति" भन्नाले परीषदलाई आवश्यक पर्ने कर्मचारी भर्नाको सिफारिस गर्न अधिकार प्राप्त समिति सम्झनु पर्दछ ।

११) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले नगर कार्यपालिकाले समय समयमा निर्णय गरि तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

३. <u>बागमति नगर खेलकुद विकास परीषदको गठनः</u> १) बागमति नगर खेलकुद विकास परीषदको गठन देहायबमोजिम हुनेछः-

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - उपाध्यक्ष

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ) सम्पुर्ण वडाध्यक्षहरु - सदस्य

ङ) कार्यपालिका सदस्यहरु - सदस्य

च) सभाका सदस्यहरु मध्येबाट अध्यक्षले तोकेका कम्तिमा २ महिला सहित ५ जना - सदस्य

छ) राष्ट्रिय तथा क्षेत्रिय स्तरका खेलकुदमा विशेष योगदान पुऱ्याएका नगरभित्र वसोवास भएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनीत गरेका एक जना -सदस्य

ज) राष्ट्रिय खेलकुद परीषदका प्रतिनिधि एक जना - सदस्य

झ) नगर भित्रका खेलकुद क्लब मध्येवाट अध्यक्षबाट मनोनित एक जना - सदस्य

ञ) नगरपालिकाका खेलकुद शाखा हेर्ने शाखा प्रमुख - सदस्य

ट) परीषदका सचिव -सदस्य सचिव

२) परिषदका मनोनीत सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । मनोनित सदस्य दुई कार्यकाल भन्दा वढी सदस्य हुन पाउने छैन ।

३) परिषदको बैठक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>बागमति नगर खेलकुद विकास परीषद सञ्चालक समितिको गठनः</u> १) बागमति नगर खेलकुद विकास परीषदको सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

क) नगर प्रमुख - अध्यक्ष

ख) उपप्रमुख - उपाध्यक्ष

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ) वडाध्यक्षहरु मध्येवाट अध्यक्षले मनोनित गरेका दुई जना - सदस्य

ङ) कार्यपालिका सदस्यहरुमध्येबाट अध्यक्षबाट मनोनीत एकजना महिला सहित दुई जना -सदस्य

च) नगरपालिकाका प्रशासकिय अधिकृत - सदस्य

छ) नगरपालिकाको कार्यालयका खेलकुद हेर्ने शाखा प्रमुख - सदस्य

ज) परीषदका सचिव - सदस्य सचिव

२) सञ्चालक समितिका मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्य वढीमा दुई पटक सम्म मनोनित हुन सक्नेछन ।

३) सञ्चालक समितिको बैठक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५. <u>खेलकुद परीषद संगठित संस्था हुनेः</u> १) दफा ४ बमोजिम स्थापित खेलकुद परीषद अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

२) परीषदको तोकिए बमोजिम आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३) परीषदले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

४) परीषदले व्यक्ति सरह नालिस उजुर गर्न र परीषद उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

६. <u>समिति, उपसमिति वा कार्य टोली गठन गर्न सक्नेः</u> १) परिषद तथा सञ्चालक समितिले आफ्नो काम कारवाही सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यकतानुसार विभिन्न समिति, उप-समिति वा कार्यटोलीहरू गठन गर्न सक्नेछ ।

२) समिति, उप-समिति वा कार्यटोलीहरूको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि त्यस्तो समिति, उप-समिति वा कार्यटोली गठन गर्ने परिषद वा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

७. <u>आर्थिक स्रोत जुटाउने अधिकारः</u> १) परीषदले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने रकमको लागि कार्यपालिकाको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ ।

८. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> १) सञ्चालक समितिले पदपुर्ति समितिको सिफारिसमा परीषदको आवश्यकतानुसार कर्मचारीहरूको नियुक्ति गर्न सक्नेछ ।

२) पदपुर्ति समिति सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।

३) परीषदको कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>परीषदको कोषः</u> १) परीषदको एउटा छुट्टै कोष हुनेछ सो कोषमा देहायका रकमहरू रहेछन्ः-

क) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त अनुदान,

ख) नगरपालिकाबाट प्राप्त अनुदान,

ग) कार्यपालिकाको स्वीकृतिमा कुनै स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त ऋण, अनुदान वा पुरस्कार वापतको रकम,

घ) परीषदको चल अचल सम्पत्तिबाट आर्जन हुने रकम,

ङ) परीषदले सञ्चालन गर्ने विभिन्न कृयाकलाप तथा प्रतियोगिताबाट प्राप्त हुने रकम ।

च) परीषदलाई प्राप्त अन्य कुनै रकम ।

२) परीषदको सबै रकम नेपाल राष्ट्र बैंकबाट कम्तिमा ग वर्गको स्वीकृत प्राप्त वैक तथा वित्तिय संस्थामा परीषदको नाममा खाता खोली जम्मा गरिनेछ ।

३) परीषदको कोषमा प्राप्त जुनसुकै रकम सोहि आ.व.मा खर्च हुन नसकी वाकी रहेमा फ्रिज हुने छैन । तर परीषदलाई कुनै कार्यक्रमको लागि प्राप्त सशर्त अनुदान रकमबाट तोकिएको कार्यक्रम संचालन गर्न नसकेमा त्यस्तो अनुदान रकम शर्तमा उल्लेख भए बमोजिम फिर्ता गर्नुपर्नेछ ।

४) परीषदको तर्फबाट गर्नु पर्ने सम्पूर्ण खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

५) परीषदको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१०. <u>**परीषदको लेखा र लेखापरीक्षणः**</u> १) परीषदको लेखा नेपाल सरकारको प्रचलित ढाँचा र तरिका बमोजिम राखिनेछ ।

२) परीषदको लेखापरीक्षण चार्टर्ड एकाउण्टेण्ट संस्था नेपालबाट मान्यता प्राप्त लेखा परीक्षकबाट हुनेछ ।

३) कार्यपालिकाले चाहेमा परीषदको हिसाव किताव सम्बन्धी कागजातहरू र अन्य नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

११. <u>**कार्यपालिकाले निर्देशन दिन सक्ने**</u>: कार्यपालिकाले नेपाल खेलकुद विकास परिषदबाट स्विकृत भएको खेलकुद मापदण्ड बमोजिम कृयाकलाप सञ्चालन गर्ने सम्बन्धमा परीषदलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. <u>**नियम बनाउने अधिकार**</u>: यस ऐनको उद्देश्य पूर्तिका लागि कार्यपालिकाले आवश्यक नियमहरु तर्जुमा गरी लागु गर्न सक्नेछ ।

१३. <u>**कार्यविधि तथा विनियम बनाउने अधिकारः**</u> सञ्चालक समितिले आफ्नो कार्य सञ्चालनको लागि यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक कार्यविधि तथा विनियम बनाई लागु गर्न सक्नेछ । सञ्चालक समिति गठन नभएसम्म कार्यपालिकाले आवश्यक कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ ।

१४. <u>**संशोधन तथा खारेजीः**</u> सभाले आवश्यक ठानेमा यो ऐनमा उल्लेखित प्रावधानहरु समयानुकुल संशोधन तथा खारेजी गर्न सक्नेछ । यो ऐनमा लेखिएका कुराहरु संघीय तथा प्रादेशिक कानुनसँग वाझिएमा वाझिएको हकमा स्वतः खारेज हुनेछ ।

आज्ञाले,<br>
हरिलाल पुरी<br>
प्रमुख प्रशासकिय अधिकृत